# ।। नेपाली श्रम क्षेत्र: समस्या र चुनौति।।

**श्रम र नेपाली समाज**

नेपाली समाज, 'सामन्ती' र 'पूँजीवादी' समाज वीचको "कृषि-उत्तर" (पोष्ट पिजेन्ट सोसाईटी) समाज हो ।"कृषि-उत्तर"समाज भनेको राजनीतिक अर्थशास्त्रलाई संगठित गर्ने सिद्धान्त 'पूँजीवाद' बनिसकेको तर सिङ्गो समाज भने औद्योगिक समाजमा रुपान्तरित भइ नसकेको अवस्था हो ।युरोपमा १९ औं शताव्दी र २० औं शताव्दीको शुरुवातमा भए जस्तो परिवर्तनका प्रकृयाहरु नेपाली समाजमादेखिंदैन। कृषि पेशाबाट बाहिरिएको ठूलो समूह औद्योगिक श्रमशक्ति भएकै छैन र त्यो समूहले आफूलाई अर्थतन्त्रको 'यो' वा 'त्यो' क्षेत्रको स्थिर रोजगारीमा टिकाई राख्न पनि सकेको छैन । यसरी नेपाली समाजको वर्ग संरचनामा 'पुरानो वर्ग र नयाँ वर्गको मिश्रण' देखिन्छ ।

नेपालमा १ करोड १७ लाख ७९ हजार व्यक्ति रोजगारीमा रहेका छन्; यो संख्यामा५३ प्रतिशत महिलाहरु छन् । श्रमशक्तिको अत्यधिक हिस्सा गाऊँ आधारित छ तर शहरीया रोजगारीको झण्डै ५६ प्रतिशत पुरुषले ओगटेको देखिन्छ । सिङ्गो श्रमशक्तिमा लगभग १७ प्रतिशतमात्र पारिश्रमिक-रोजगारीमा छन्; त्यसको पनि ७९% भन्दा माथि नीजि क्षेत्रमा काम गर्छन् । सिङ्गो श्रमशक्तिको ८३ प्रतिशत स्वरोजगार छन् । यी स्वरोजगारहरु पनि नियमित रोजगारदाता भएका/नभएका र ज्याला दिन नपर्ने परिवारका सदस्यलाई गराईने र अन्य गरी चार भागमा विभक्त छन् (हेर्नुहोस्, तालिका-१)।

**तालिका-१:रोजगारी सङ्क्षेपमा**

| रोजगार संख्या | जम्मा | महिला |
|---|---|---|
| **१५ वर्ष माथिका कुल रोजगार व्यक्तिको संख्या** | **१,१७,७९,०००** | ६२,५९,००० |
| • शहरी क्षेत्र | १,५३५,००० | ६८०,००० |
| • ग्रामिण क्षेत्र | १,०२,४४,००० | ५५,८०,००० |
| **सिङ्गो श्रमिकमा तलवीको श्रमिकको प्रतिशत** | १६.९ | २६.२ |
| **तलवी कामदार/कर्मचारी** | **१९,९१,०००** | ५२१,००० |
| • सरकारी क्षेत्र | **३३८,०००** | ७२,००० |
| • सार्वजनिक संस्थान | **७३,०००** | **१३,०००** |
| ○ वित्तिय क्षेत्र | १८,००० | ४,००० |
| ○ गैर-वित्तिय क्षेत्र | ५५,००० | ९,००० |
| • राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | **५७,०००** | १६,००० |
| • नीजि कम्पनी | **१,५२५,०००** | |
| ○ दर्ता गरिएका वित्तिय कं. | २४,००० | ७,००० |
| ○ दर्ता गरिएका गैर-वित्तिय कं. | ४५०,००० | ११८,००० |
| ○ दर्ता नगरिएका कं. | २७९,००० | ६५,००० |
| ○ अन्य | ७७२,००० | २३०,००० |
| **स्वरोजगार** | **९,७८६,०००** | ५,७४०,००० |
| • नियमित रोजगारदाता भएका | ११५,००० | २०,००० |

| | | |
|---|---|---|
| • नियमित रोजगारदाता नहुने | ४,२६५,००० | १६७८,००० |
| • ज्याला दिनु नपर्ने परिवारका सदस्यले काम गर्ने | ५,३८७,००० | ४०३४,००० |
| • अन्य | १९,००० | ८,००० |
| **जनसंख्याको अनुपातमा रोजगारी** | ८१.७ | ७८.५ |
| **अनौपचारिक क्षेत्रमा रोजगारी** | | |
| • गैर-कृषि क्षेत्रमा हाल रोजगारप्राप्त (१८.२%) | २,१४२,००० | ७६३,००० |
| • सबैखाले उद्योगहरुमा रोजगारप्राप्त | ११,३३२,००० | ६,१६९,००० |
| • कृषि तथा मत्स्यपालन उद्योगमा रोजगारप्राप्त | ८,६७७,००० | ५,२६५,००० |
| • गैर-कृषि क्षेत्रमा तलवी कामदार | १,०५४,००० | २१३,००० |
| **बालबालिका काममा** | २,०९७,००० | १,१३८,००० |
| • ५-१४ वर्ष उमेरका बालबालिकाको हालको रोजगारी दर | ०.७% | |
| • हप्ताको औसत कामको घण्टा | १८ | १८.२ |
| • हाल स्कूल जानेहरु | १,८०७,००० | ९४७,००० |
| • हाल स्कूल नजानेहरु | २९०,००० | १९१,००० |

स्रोतः नेपाल श्रम शक्ति सर्वेक्षण-२०६४/६५

रहन-सहन, खाना-पान र जिम्मेवारी बहनको हिसावले पनि नेपाली समाज तेजीका साथ परिवर्तित हुँदैछ । इन्धनको रुपमा दाउराको सट्टा एलपी ग्यास बाल्ने, मट्टितेलको टुकीको सट्टा विजुली वत्ति बाल्ने; आफ्नै गाँऊ-ठाँऊमा प्राण धान्ने सुसे धन्दामा लागि रहनुको सटो समृद्ध जीवनको खोजीमा कामका लागि गांऊ छोड्ने र विदेशमा समेत जानेको संख्या व्हात्तै बढेको छ । महिला-पुरुष साक्षरताको दर वृद्धिसंगै, पहिले-पहिले “हल्लाको पछि लाग्ने” हाम्रो समाज रेडियो, टेलिफोन (मोवाइल सहित), टिभी, कम्पुटर प्रयोग गर्न थालेको छ (तालिका-२) । घरधन्दा, बालबालिका र पाका उमेरका आफन्तजनहरुको हेरचाह जस्ता गैर आर्थिक क्रियाकलापको रुपमा लिइएको घरायसी काममा १० वर्षको तुलनामा पुरुषको सहभागिता ७% ले बढेको छ । परम्परावादी तहगत हाम्रो समाजमा आम रुपमा यस्तो काम “महिला कै ठेक्का” जस्तै ठानिन्छ ।

**तालिका-२: बदलिंदो नेपाली समाज सङक्षेपमा**

| | | | |
|---|---|---|---|
| आफ्नै घर भएका परिवार | ८९.२% | डेरामा वस्ने परिवार | ९.२% |
| इन्धनको रुपमा दाउरा बाल्ने | ६८.४% | इन्धनको रुपमा एलपी ग्यास प्रयोग गर्ने | १२.३% |
| मट्टितेलबाट बत्ति बाल्ने घर | ३३% | बिजुली बत्ति बाल्ने घर | ५६.१% |
| धाराको पानी प्रयोग गर्ने घर | ४५% | हाते पम्प/वोरिङ्ग प्रयोग गर्ने | ३९% |
| टेलिभिजन भएका घर | ३३.२% | रेडियो भएका घर | ५७.९% |
| टेलिफोन भएका घर | ९.८% | मोवाइल भएका घर | २८.३% |
| कम्प्युटर भएका घर | ३.१% | खेतीयोग्य जमिन भएका घर | ७८.४% |
| कामकालागि परिवार कोही न कोही गाँऊबाट वाहिरिएका | ४३.८% | कामकालागि परिवारका कोही न कोही विदेशिएका | २९.१% |
| पुरुष साक्षरता दर | ७४.७% | महिला साक्षरता दर | ५३.१% |

स्रोतः नेपाल श्रम शक्ति सर्वेक्षण-२०६४/६५

## श्रम र रोजगारीको ढाँचा

नेपाली श्रम बजारको आफ्नै विशेषतापनि छ । यहाँ पनि उत्पादन-प्रकृयाको हिसाबले श्रम क्षेत्रको प्रकृति “संगठित र असंगठित; औपचारिक र अनौपचारिक; देशीय र अन्तरदेशीय” छ।

रोजगारीको ठूलो हिस्सा अझै पनि कृषि आधारित (७४%) छ, सिङ्गो श्रमशक्तिको २६% मात्र गैरकृषि रोजगारीमा छ ।

नेपाली श्रम "**नियमित र भैपरिआउने**" गरी मूल दुइ श्रेणीमा बाँडिएको छ । स्थायी र अस्थायी प्रकृतिको श्रम सम्बन्धमा रहेको श्रम 'नियमित' हो भने ठेक्का-करार, दैनिक ज्यालादारी, घर आधारित, मौसमी, आउट सोर्सिङ्ग, घण्टा आधारित काम, पार्ट-टाइम, 'फ्लेक्सी-टाइम'तथा ब्रेक ड्यूटीआदि 'भैपरिआउने' प्रकृतिका श्रम सम्बन्ध हुन् । पछिल्लो श्रमशक्ति सर्वेक्षणको प्रतिवेदनका अनुसार रोजगार मध्ये ४६% मात्र मासिक पारिश्रमिक आधारित रोजगारीमा छन्, बाँकी सबै पिसरेट, हप्ते तथा दैनिक ज्यालादारीमा काम गर्छन् (तालिका-३)।नेपालमा स्थायी श्रमिक बाहेक अरुहरुले तलबी बिदा, सञ्चय कोष, उपदान र शिक्षा-स्वास्थ्य-आवाससँग जोडिएका सुविधाहरु पाउँदैनन् । जसको कारण नियुक्ति पत्र दिने/नदिने, स्थायी गर्ने-नगर्ने, नो वर्क-नो पे, हायर-फायर जस्ता विषयमा विवाद हुने गरेको हो ।

**तालिका-३: कामको घण्टा र भुक्तानीको तरीका**

| **विवरण** | **जम्मा** | **महिला** |
|---|---|---|
| **मुख्य काममा हप्ताको सालाखाला घण्टा** | ३८.७ | ३४.८ |
| • शहरी क्षेत्र | ४२.७ | ३५.४ |
| • ग्रामिण क्षेत्र | ३७.९ | ३४.६ |
| **ज्याला भुक्तानीको तरीका** | | |
| • पिसरेटको आधारमा | २०८,००० | ५८,००० |
| • काम गरेको समयको आधारमा | **१७८३,०००** | |
| ○ दैनिक ज्यालादारी | ७४९,००० | २२४,००० |
| ○ हप्ता-हप्तामा | १०८,००० | २४,००० |
| ○ महिनावारी | ९१६,००० | २१४,००० |
| ○ अन्य | १०,००० | २,००० |
| **नगद वा जिन्सीमा भुक्तानी पाउनेको प्रतिशत** | | |
| • नगदमा भुक्तानी पाउने | ९६.३% | ९४.६% |
| • जिन्सीमा भुक्तानी पाउने | २३.५% | २४.३% |

स्रोत: नेपाल श्रम शक्ति सर्वेक्षण-२०६४/६५

नेपाली श्रमिकहरुकोऔसत आम्दानीमा पनि ठूलो अन्तर छ । एउटै कार्यथलोमा काम गर्ने प्रमुख कार्यकारीको तलव-सुविधा, उसकै कार्यालय सहायकको भन्दा १५ गुणा बढी समेत छ । यहाँ सम्मकी प्रमुख कार्यकारी र उ भन्दा पछिको दोस्रो कार्यकारीको पारिश्रमिकमा समेत २-३ गुना अन्तर छ । "द काठमाडौं पोष्ट"को साउन २३ गतेको समाचार अनुसार नेपालका वाणिज्य बैंकहरुको प्रमुख कार्यकारीहरुको मासिक पारिश्रमिक ५ लाख देखि १५ लाख सम्म छ । तर कार्यालय सहायकहरुको औसत मासिक आम्दानी १० हजार मात्र छ (हे. तालिका-४)।

नेपाल श्रमशक्ति सर्वेक्षण-२०६४/६५ का अनुसार रोजागरीमा रहेकाहरुको औसत मासिक आम्दानी रु. ५ हजार १ सय १७ छ; जहाँ महिलाको औसत आम्दानी रु. ३ हजार ४ सय दुई मात्र छ । यिनीहरुमध्ये अझै पनि सयमा करिब २४ जनालाई पारिश्रमिक वापत नगदको सट्टा जिन्सी दिइन्छ । यो आङ्कडामा श्रमिकहरुको औसत मासिक आम्दानी १० वर्षमा दोब्बर (२१४३ रुपैयाँबाट ५११७ रुपैयाँ) भन्दा बढी हुन पुगेको देखिन्छ । तर ठूलो संख्यामा रहेका श्रमिकहरुले भने राष्ट्रिय रुपमा तय गरिएको  दैनिक न्युनतम ज्याला (१९० रुपैयाँ) भन्दा बढी पारिश्रमिक पाएका छैनन् ।

नेपाली अर्थतन्त्र निजामती सेवा, सार्वजनिक संस्थान क्षेत्र, शिक्षण क्षेत्र (सामुदायिक विद्यालय,निजी विद्यालय र विश्व विद्यालय सहित) र होटल तथा पर्यटन/संगठित उद्योगहरु/आइसिटी, सफाइ पसल कामदार समेत काम गर्ने सेवा उद्योग रहेको "औपचारिक अर्थतन्त्र" र मूलत: कृषि क्षेत्र र गैर-कृषि क्षेत्र जस्तै- निर्माण क्षेत्र/सडक आधारित व्यवसाय (स्ट्रिट भेण्डर)/घर आधारित श्रम/यातायात क्षेत्र/घरेलु श्रम रहेको "अनौपचारिक अर्थतन्त्र"को रुपमा विभक्त छ, जहाँ विभिन्न प्रकृतिकारोजगारीका ढाँचाहरु अभ्यासमा छन् ।

**तालिका-४:प्रमुख कार्यकारी अधिकृतको वार्षिक तलव-सुविधा**

| कम्पनी | तलव-सुविधा (ने रु.) |
|---|---|
| स्ट्याण्डर्ड चार्टर व्याङ्क, नेपाल | १२४.५ लाख |
| नेपाल इन्भेस्टमेण्ट व्याङ्क | ९५.५ लाख |
| सिद्धार्थ व्याङ्क | ७३.८ लाख |
| हिमालयन व्याङ्क | ७५.४ लाख |
| नाबिल व्याङ्क | ५७.४ लाख |
| लक्ष्मी व्याङ्क | ५५.६ लाख |
| डेभलपमेन्ट क्रेडिट व्याङ्क | ३८.९ लाख |
| एसिइ फिनान्स | ३३.१ लख |
| सानिमा डेभलपमेन्ट फिनासिन्सयल इन्स्टीच्युसन | २०.० लाख |
| होटल र्‍याडिसन (म्यानेजिङ् डिरेक्टर) | १९.५ लाख |
| नेपाल डेभलपमेन्ट व्याङ्क | १४.० लाख |
| श्री इन्भेस्टमेण्ट एण्ड फिनान्स कं. | १३.१ लाख |

स्रोत: विजनेस एज, फेब्रुअरी २००७

## वेरोजगारी, अर्धरोजगारी र श्रमको अल्पउपयोग दर

नेपालको श्रम वजारमा थुप्रै अमिल्ला पक्षहरु पनि छन् । ती मध्ये एक हो- श्रमको माग र आपूर्ति बीच डरलाग्दो असन्तुलन छ !एकातिर शिपयुक्त श्रमिकहरुको चर्को अभाव छ भने अर्कातिर शीपविहिन जगेडा श्रमिककोफौज व्यापक छ, जसले बेरोजगारीको दर शिखरमा पुर्‍याएको छ। श्रमशक्ति सर्वेक्षण-२०६४।६५ ले यसलाई श्रमको अल्प उपयोग भनेको छ, जसको संख्या सिङ्गो रोजगारीमा रहेकाहरुको करिब एक तिहाईछ । श्रमको अल्प उपयोग भनेको पूर्ण वेरोजगार हुनु, चाहेर पनि पूर्ण रोजगारी नपाउनु, अपर्याप्त कमाई हुनु र आफूले जानेको शिक्षा/सीप अनुरुपको काम नपाउनु हो ।श्रमको अल्प उपयोग गाऊँको तुलनामा शहरमा बढी(५०%) छ । उमेर समूहको हिसाबमा सबै भन्दा बढी (४६%) २०-२४ वर्षका युवा श्रमको अल्प उपयोगभएको देखिन्छ, जसलाई हामी युवा वेरोजगारीको रुपमा उल्लेख गर्न सक्छौं । अर्धबेरोजगारमा पुरुषहरुको सङ्ख्या महिलाको तुलनामा धेरै छ (हे. तालिका: ५)।

नेपाली श्रम बजारमा पहिले कहिल्यै रोजगारीमा सङ्लग्न नभएका ८१ हजार बेरोजगार छन् भने १ लाख ७२ हजार पहिलेको रोजगारी गुमाएकाहरु छन् । नेपाल सरकारको अर्थ मन्त्रालयले प्रक्षेपण गरेको पछिल्लो तथ्याङ्क अनुसार हरेक वर्ष करिब ४ लाख नेपाली श्रम वजारमा प्रवेश गर्छन् । यो संख्यालाई खपत गर्न २ अङ्कमा आर्थिक वृद्धिदर हुनुपर्ने दावी अर्थशास्त्रीहरुको छ ।

सामाजिक अशान्ति र हिंसाको मात्रा बढ्नुमा निसन्देह वेरोजगारी पनि एक प्रमुख कारण हो । सामाजिक सुरक्षा प्रणाली भएका विकसित मुलुकहरुमा ४ प्रतिशतसम्मको वेरोजगारी दरलाई सामान्य मानिन्छ । किनकी त्यस्ता देशहरुमा वेरोजगारहरुलाई वेरोजगारी भत्ताको व्यवस्था छ ।

सामाजिक संरक्षणको केही पनि व्यवस्था नभएको हाम्रो मुलुकमा सर्वेक्षणले उल्लेख गरेको वेरोजगारीको अवस्थाले“डरलाग्दो” स्थितिको संकेत गर्दछ ।देशभित्र रोजगारीको अवसर कम वा हुँदै नहुनु र रोजगारी पाई हाले तापनि मुख्य काममा साताको ३९ घण्टा भन्दा कम कामको स्थिति हुनुले नेपालमा वैदेशिक रोजगारी प्रति अस्वाभाविक आकर्षण छ । तथ्याङ्कले भन्छ कूल रेमिट्यान्स (विप्रेषण) कमाईको १७% स्वदेशबाट र ८३% विदेशबाट छ, जहाँ स्वदेशको वार्षिक औसत परिवारको आम्दानी रु. २८ हजार ९ सय छ भने विदेशको वार्षिक औसत परिवारको आम्दानी रु. ८० हजार छ ।वैदेशिक रोजगार विभागले गत जेठ महिनामा उपलब्ध गराएको पछिल्लो १० महिनाको तथ्याङ्क अनुसार झण्डै ७०० नेपाली हरेक दिन कामको खोजीमा देशबाट बाहिरिन्छन्, तर दु:खको कुरा झण्डै १% ले विदेशी भूमीमा ज्यान गुमाउँछन् । यसको अर्थ हो, सरदर ७ जनाको दरले प्रत्येक दिन आफन्तहरु नेपालमा लास बुझ्न विवस छन् ।

**तालिका-५ः वेरोजगारी, अर्धरोजगारी र श्रमको अल्पउपयोग दर**

| | | | |
|---|---|---|---|
| **रोजगारीमा वेरोजगारहरुको स्थिति** | | | |
| • कहिल्यै काम नगरेका वेरोजगारहरु | ८१,००<br>० | महिला | ३९,००० |
| • काम गुमाएका वेरोजगारहरु | १७२,००<br>० | महिला | ८७,०००<br>० |
| • ज्याला रोजगारहरु | ८२,००<br>० | महिला | ३३,००० |
| • स्वरोजगारहरु | २९,००<br>० | महिला | १३,००० |
| • सहयोगी परिवारजन | ६१,००० | महिला | ४०,००<br>० |
| • अन्य | १,००० | महिला | १,००० |
| **समय आधारित अर्धवेरोजगारी** | ६.७% | महिला | ६.१% |
| • शहरमा | ६.३<br>% | महिला | ७.६% |
| • गाऊँमा | ६.७<br>% | महिला | ५.९% |
| **श्रमको अल्प उपयोग** | ३०.१% | **उमेर समूह** | |
| ✓ प<br>ूर्ण वेरोजगार | २.१% | ○<br>०-२४ वर्ष | ४६% |
| ✓ च<br>ाहेर पनि पूर्ण रोजगारी नपाउने | ६.७% | ○<br>५-२९ वर्ष | ३९.१% |
| ✓ अ<br>पर्याप्त कमाई हुने | ८.१% | ○<br>५-१९ वर्ष | ३५.३% |
| ✓ f<br>शक्षा सुहाँउदो पेशा नभएका | १३.२% | ○<br>०-३४ वर्ष | ३०.९% |
| **शहरमा** | ५०% | ○<br>५-५९ वर्ष | १८.९% |
| **गाऊँमा** | २७% | ○<br>० वर्ष माथि | १०.५% |
| **पुरुष** | ३८.२% | | |
| **महिला** | २२.८% | | |

स्रोत: नेपाल श्रम शक्ति सर्वेक्षण-२०६४/६५

**श्रमिकः समस्या र चुनौति**

परम्परागत रुपमा हामी शोषणको थलो कारखाना देख्थ्यौं । 'त्यहां शोषण हुन्छ, त्यहां संगठित होइन्छ, त्यहींबाट आन्दोलन शुरु गर्ने हो' भन्ने दृष्टिकोण थियो । आज शोषणको क्षेत्र छरिएको छ । आजको श्रम सम्बन्धमा 'आर्थिक प्रक्रिया प्रमुख र प्रतिष्ठानहरूको भौतिक अवस्थिति गौण' हुन पुगेको छ । समसामयिक श्रमको संसारमा धेरै कुरा प्रतिष्ठान भित्रका श्रमिकको बलमा हैन "बजारको शक्ति"द्वारा निर्धारण हुन थालेको छ । हिजो "वर्ग" एक ठाउंमा केन्द्रीत थियो तर आज "वर्ग" सबैतिर छरिएको छ ।विश्वव्यापी रुपमै अहिले श्रमको विविधिकरण भएको छ, कोही 'कम्प्युटरबेस्ड (कम्प्युटर-आधारित)' श्रमिक छन् भने कोही 'होमबेस्ड (घर-आधारित)' श्रमिक !

परम्परागत रुपमा परिभाषित "सर्वहारा वर्ग" को अवस्थितिमाथि पनि आजभोली प्रश्न उठाउन थालिएको छ । पहिलेको परिभाषामा सर्वहारा भनेको उस्तै कार्यवस्था र एकैखाले जीनवशैली भएको समूह हो । आजको समाजमा श्रमिक रहने ठाँऊ, कामको सामाजिक संगठन, आवास, उपभोग र सामाजिक संलग्नतामा व्यापक परिवर्तन आएको छ । आज औपचारिक अर्थतन्त्रमा कार्यरत श्रमिकहरु आफूले काम गर्ने ठाँऊको सहकर्मीभन्दा भिन्न साँस्कृतिक परिवेसमा फुर्सदको क्षण विताऊंछन् ।

नेपालको श्रम क्षेत्रलाई नियमित गर्न आवस्यक कानूनको अभाव छ । जति कानुन छ, त्यसको प्रभावकारी कार्यान्वयनमा समस्या रहिरहेको छ । कम्युनिस्ट पार्टीको सदस्य लिना साथ "की सबैलाई सर्वहारा-श्रमजीवी मान्ने, नभए आजको दुनियाँमा सबै 'मध्यम वर्ग' मान्ने" सतही विश्लेषणले ठाँउ पाएको छ । सार्वजनिक ठाउँमा "मास (सवै जनता)" को कुरा गर्ने र आन्तरिक छलफलमा मात्र "क्लास (वर्ग)"को कुरा गरि टोपल्ने पार्टी राजनीतिले पनि श्रम समस्या हल गर्न अप्ठारो पारेको छ ।

यसरी वर्ग के हो, वर्गको काममा किन जोड दिनु पर्छ र वर्ग संघर्ष भनेकै के हो भन्नेमा समेत अलमल तथा अन्यौल देखिएको छ । काम लगाउने र काम गर्नेको स्वार्थको अन्तर के हो (हे.तालिका-६)? त्यसलाई समाधान कसरी गर्ने ?श्रम बजार लचकता चाहियो भन्ने उद्यमी/इलमी का चासो र रोजगारी वा आम्दानीको नियमितता वा ग्यारेन्टी हुनुपर्‍यो भन्ने श्रमजीवीहरुको चासोलाई हल कसरी गर्ने भन्नेमा समेत निति निर्माताहरु अलमलिएको देखिन्छ ।

**तालिका-५: श्रमिक र रोजगारदाता;कामका बारेमा फरक-फरक चासो**

| **रोजगारदाताको चासो** | **श्रमिकहरुको चासो** |
|---|---|
| थोरै, कम वा केही पनि सुविधा नदिइ तोकिएको न्युन ज्यालामा काम गराउने | समान सुविधा, थोरै वा समानुपातिक रुपमा सुविधा बढ्ने गरी काम गर्न पाउनु पर्ने |
| कति वेला काममा लगाउने भन्ने कुरारोजगारदाताको स्वेच्छामा हुनु पर्ने | श्रमिकको आवस्यकता र अनुकुलतामा शिफ्टको समय तोकिनु पर्ने |
| कामको घण्टा आफ्नो स्वेच्छामा तल माथि गर्ने | न्युनतम कामको घण्टा निश्चित गर्ने |
| छुट्टि कम गर्ने, सट्टा विदालाई निरुत्साहित गर्ने | नीजि वा परिवारको आवस्यकतालाई ख्याल गरेर कामको समयमा लचकतापूर्ण समय-तालिका प्रयोग गर्ने |

| | |
|---|---|
| शिशु स्याहार, कार्यालय, तलव-सुविधा र कार्यथलोको सुरक्षामा हुने खर्चलाई जोगाउन श्रमिकलाई केही काम घरमै गराउन पाउनुपर्ने | आफूलाई सजिलो रफाइदा हुने भएमा मात्र घरमा काम लैजाने |
| पूरै समय वा स्थायी रुपमा श्रमिकलाई नियुक्ति नगर्ने, कामको लचकतामा नै अडिइ रहने | कामको लचकता र तोकिएको मापदण्ड मध्ये जता लाभ हुन्छ त्यसै गर्न पाउने अवसरको माग गर्ने |
| अनुसासन र उत्पादकत्वमा जोड दिने | उत्प्रेरणा र इन्सेन्टिभको माग गर्ने |
| बजारको "माग र आपूर्ती"को आधारमा सुविधा तल-माथि हुनेमा जोड दिने | श्रममापदण्ड लागू गर्नेमा अडिने |
| ??? | ??? |

राज्यले शुरु गरेको सामान्य नीतिगत निर्णयलाई प्रभावकारी ढंगले कार्यान्वयन गरेमा मात्रै पनि कतिपय समस्या हल हुन सक्छ । उदाहरणको लागि कमरेड माधव कुमार नेपालको नेतृत्वमा रहेको सरकारले आफ्नो नीति कार्यक्रममा श्रमक्षेत्रमा दुरगामी प्रभाव पार्ने २ वटा कार्यक्रम घोषणा गऱ्यो । पहिलो थियो- देशभरी रहेका रिक्सा चलाकलाई रिक्साको मालिक बनाउने प्रस्ताव! रिक्सा भाडामा लगाई खाने उद्यमीका रिक्सा बैंक मार्फत किनी उनकै मजदुरलाई दिने, यसबाट पहुँचवालाहरुले रिक्सा-भाडा व्यवसायबाट हट्ने र यो क्षेत्रबाट ज्याला मजदुरीको अन्त्य गर्ने !! व्यवसायिहरुमा रहेको अनावस्यक लोभ तथासरोकारवाला कर्मचारीहरुमा आवस्यक जाँगर र  बुझाईको कमीका कारण १० करोड रुपैया बैंकमा त्यसै थुप्रिएको छ; सयौंको संख्यामा आवस्यक मापदण्ड पुरा गर्ने रिक्सा श्रमिक लाभबाट अझै बञ्चित छन् ।

दोस्रो, सामाजिक सुरक्षा कोषको स्थापना । सरकारले लगाएको १ प्रतिशत पारिश्रमिक करबाट श्रमिकले करोडौं रुपयाँ जम्मा गरि सकेका छन् । विकसित देशमा यत्ति काम गर्नका लागि नियम तर्जुमाको थुप्रै पापड वेल्नु पर्थ्यो । यो रकमलाई ट्रेड युयिनहरु सम्मिलित कार्यदलले सिफारिस गरे झैं "सामाजिक सुरक्षा कोष"मा जम्मा गर्ने क्याविनेट निर्णय मात्रै भइ दिएको भए नेपाल ख्यालख्याल मै "कल्याणकारी राज्य"मा रुपान्तरित हुने थियो । कुनै श्रमिक कामबाट निकालिंदा उद्योग-धन्दामा तालावन्दी गर्नुको साटो श्रमिकहरु सामाजिक सुरक्षा कोषको कार्यालयमा वेरोजगारी भत्ता थाप्न पुगेका हुन्थे । इलमी उद्यमीले एकमुष्ट आफ्नो योगदान दाखिला गरेर श्रम विवादको झमेलाबाट पार पाउँथ्यो भने, श्रमिकहरुले पनि त्रिपक्षीय योगदानको आधारमा खडा गरिएको कोषका कारण वेरोजगार भत्ता, स्वास्थ्य उपचार, दुर्घटना भत्ता र मातृत्व संरक्षण सुविधा तत्काल पाउने थिए ।

आजको परिवर्तित सन्दर्भमा के हामीहरु श्रमको संसारप्रति न्याय गर्न सक्छौं होला त? एक चोटी सबैमिली सोच्ने पो हो की?!

**-विष्णु रिमाल**
२०६७ साउन